# ६ एकताका प्रतीकहरु

*__यस अध्यायका मूल पदहरू__* १ पत्रुस २:९, प्रस्थान १९:५,६, एफिसी २:१९-२२, १ कोरन्थी ३:१६,१७, १ कोरन्थी १२:१२-२६, यूहन्ना १०:१-११ र भजन २३।

**यस अध्यायको मूल सार पदः "जसरी शरीर एउटै हो तर त्यसमा धेरै अङ्गहरू छन्। तर ती सबै अङ्गहरू एकै शरीरका हुन्। धेरै अङ्गहरू भएतापनि एउटै शरीरको भए जस्तै येशूलाई विश्वास गर्नेहरू पनि येशूका अङ्गहरू जस्तै हुन्" (१ कोरन्थी १२:१२ रूपान्तरित)।**

मानिसहरूलाई सत्य ज्ञान बुझाउन र आफूले चाहेको सन्देश बुझोस भनेर परमेश्वरले बाइबलमा धेरै प्रतीक, चिन्ह र साङ्केतिक भाषाहरू प्रयोग गर्नुभएको छ। बाइबलभरि रहेका ती प्रतीक, चिन्ह र साङ्केतिक भाषाहरू आफै वास्तविक होइनन् तर तिनीहरूले ठूलो सन्देशलाई औंल्याउँछन्। उहाहरणमा बाइबलमा विभिन्न बलिप्रथाहरू चलाइएका छन्। ती सबै प्रथाहरू आफै शाश्वत वा आस्थाको अन्त होइन बरू त्यसले ठूलो तथा महान् सत्यलाई प्रतीकको रूपमा जनाएको हो। ती बलिप्रथाहरूले वास्तविक येशू र मुक्तिको पूरै योजनालाई औंल्याउँछन्। यदि येशूलाई विश्वास गरिएन भने ती बलिप्रथाहरूको केही अर्थ हुँदैन।

बाइबलमा धेरै थरीका साना, ठूला, भयानक, र दैनिक जीवनमा सर्वसाधारणले प्रयोग गरेका वा देखेका थोकहरूलाई प्रतीकको रूपमा प्रयोग गरिएको पाइन्छ। दानिएल र प्रकाशमा भयानक जीवहरूलाई प्रस्तुत गरिएको छ भने हावा, पानी, आगोलाई प्रयोग गरेर परमेश्वरले के भन्न चाहनुभएको छ सो बुझाउन उहाँले प्रयोग गर्नुहुन्छ। कुन सन्दर्भमा ती प्रतीक, चिन्ह र साङ्केतिक भाषाहरू प्रयोग गरिएको छ सो बुझ्नु अति आवश्यक छ किनभने तिनीहरूले आत्मिक र धार्मिक सत्यज्ञाहरूलाई सिकाउँदछ। येशूले एक रात एक जना धार्मिक पण्डितलाई आफ्नो शिक्षा बुझाउन हावाको प्रतीकलाई यसरी प्रयोग गर्नुभएको थियो "हावा जहाँ मनलाग्यो त्यहाँ बहन्छ। नदेखेतापनि यसको आवाज तिमीले सुन्न सक्छौ। हावा कहाँबाट बहग्छ र कहाँ जान्छ सो तिमीले भन्न सक्दैनौ। त्यसरी नै आत्माले जन्मेको प्रत्येक व्यक्ति कहाँ जान्छ

र कहाँबाट आउँछ सो थाहा हुँदैन" (यूहन्ना ३:८ रूपान्तरित)। यहाँ हावालाई पवित्र आत्मासँग तुलना गरिएको छ।

चर्चमा हुनुपर्ने एकतालाई स्पष्टरूपमा बुझाउन बाइबलमा धेरै प्रतीकहरू प्रयोग गरिएको पाइन्छ। सारा संसारको अघि उहाँलाई विश्वास गर्नेहरूले सबै एकै भएर देखाऊन् भन्ने परमेश्वरको चाहना छ। एउटै प्रतीकले सबै सत्यको अर्थ भन्छ भन्ने छैन। तर सबै प्रतीक, चिन्ह र साङ्केतिक भाषाहरूको प्रयोगले चर्चको एकतालाई बुझाउँछ भने परमेश्वरसँगको सम्बन्ध, चर्चका विश्वासीहरूको बीचमा एक आपसी सम्बन्ध र समाजमा हुनुपर्ने चर्चको सम्बन्धलाई बुझाउन प्रयास गरेको हुन्छ।

यस अध्यायमा यस्ता विभिन्न प्रतीक, चिन्ह र साङ्केतिकहरूको बारेमा हेर्नेछौं जसले येशू ख्रीष्टका विश्वासीहरूलाई हुनुपर्ने एकतालाई प्रकट गर्दछ।

## १. परमेश्वरका जनहरू

**परमेश्वरका जनहरूको आफ्नै स्थान, प्रतिष्ठा तथा इज्जत छन्। ती के हुन् भनेर देहायका केही पदहरूले कसरी देखाउँछन्? हेर्नुहोस्: १ पत्रुस २:९,१० " ९ तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ। उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक। १० एक पल्ट तिमीहरू प्रजा थिएनौ, तर अब तिमीहरू परमेश्वरका प्रजा भएका छौ। एक पल्ट तिमीहरूले कृपा पाएका थिएनौ, तर अब तिमीहरूले कृपा पाएका छौ।", प्रस्थान १९:५,६ " ५ यदि तिमीहरूले मेरा कुरा साँच्चै नै सुन्यौ र मेरो करार पालन गर्‍यौ भने, समस्त जातिहरूमध्ये तिमीहरूचाहिँ मेरो बहुमूल्य निज धन हुनेछौ। सारा पृथ्वी मेरै भए तापनि ६ तिमीहरू मेरो निम्ति पूजाहारीहरूको एक राज्य र एक पवित्र जाति हुनेछौ'। इस्राएलीहरूलाई तिमीले भन्नुपर्ने कुरा यी नै हुन्।", व्यवस्था ४:२० " तर तिमीहरूलाई चाहिँ परमप्रभुले लिएर फलामको भट्टीदेखि जस्तै मिश्रदेखि, तिमीहरू अहिले भएझैं आफ्नो निज उत्तराधिकारी बनाउन निकाली ल्याउनुभयो।" र व्यवस्था ७:६ "परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति तिमीहरू एक पवित्र जाति हौ। परमप्रभु तिमीहरूका परमेश्वरले पृथ्वीमा भएका सबै मानिसहरूमध्येबाट आफ्नो निम्ति एक विशेष जाति, एक अमूल्य सम्पत्ति बनाउन तिमीहरूलाई छान्नुभएको छ।"**

याद गर्नुहोस्, चर्च मानिसहरूको थलो हो, तर सबै खालका मानिसहरूको होइन। चर्च भनेको परमेश्वरका जनहरूको थलो हो। ती जनहरू परमेश्वरको निजी हुन्, जसले परमेश्वरलाई आफ्ना पिता भनेर मान्दछन् र उहाँद्वारा येशूले उपलब्ध गराउनुभएको मुक्ति पाएका र उहाँका वचनहरू पालन गर्ने भनेर प्रतिवद्धता जनाउँछन्। चर्च परमेश्वरका जनहरूको थलो हो भन्ने प्रतीकले मुक्तिको योजना प्रस्तुत गरेको सुरुदेखि नै परमेश्वरका जनहरू यस पृथ्वीमा थिए भनेर देखाउँछ। त्यसको निरन्तरता पुरानो करारमा इस्राएलीहरूले दिएका थिए भने नयाँ करारमा चर्चले। आदमदेखि जलप्रलय हुनुभन्दा अघिका र पछिका पुर्खाहरू र अब्राहमसमेतलाई परमेश्वरले आफ्ना जनहरूसँग करार बाँध्नुभएको थियो। यस संसारमा परमेश्वरको प्रेम, दया र न्याय देखाउन उहाँका जनहरूले उहाँको प्रतिनिधित्व गरून् भनेर ती मानिसहरूसँग वचन बाँध्नुभएको थियो।

परमेश्वरका जनहरूलाई कुनै साधारण तह अर्थात् दर्जामा राखि संसारको अरू मानिसहरूसरह सम्बोधन गरिएको छैन। **तिनीहरूलाई "चुनिएको बंश",** "राजकीय पूजाहारी" र "पवित्र राष्ट्र" भनेर सम्बोधन गरिएको छ। परमेश्वरप्रति आस्था राख्ने जनहरू विशेष लक्ष्यको निम्ति अलग गरिएको हुँदा ती नामहरूद्वारा सम्बोधन गरिएको हो। त्यो लक्ष्य होः "तिमीहरूलाई अन्धकारबाट अचम्मको ज्ञानको ज्योतिमा बोलाइएको हुँदा मानिसहरूसामु परमेश्वरको प्रशंसा गरी उहाँको महिमाको घोषणा गर्नु " (१ पत्रुस २:९ रूपान्तरित)। यसले प्रस्थान ३४:६-७मा परमेश्वरको बारेमा वर्णन गरिएको गुन्जाउँछ "४ तब मोशाले पहिलेकै जस्तो ढुङ्गाका दुई वटा पाटी काटेर परमप्रभुले आज्ञा गर्नुभएझैं बिहान सबेरै उठी सीनै पर्वतमा उक्ले। तिनले आफ्ना हातमा ती दुई वटा शिला-पाटी पनि लगे। ५ अनि परमप्रभु बादलमा ओर्लनुभयो, र तिनीसँग त्यहाँ खड़ा भएर उहाँले आफ्नो नाउँ "परमप्रभु" घोषणा गर्नुभयो। ६ त्यसपछि परमप्रभु तिनको सामुन्नेबाट गएर यसो भनी घोषणा गर्नुभयो, "परमप्रभु, परमप्रभु टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्वर, जो क्रोध गर्नमा ढिलो, र प्रेम र विश्वस्ततामा प्रशस्त हुनुहुन्छ। ७ उहाँले हजारौं हजारमाथि कृपा देखाउनुहुन्छ, र दुष्टता, विद्रोह र पाप क्षमा गर्नुहुन्छ। तर उहाँले दोषीलाई कुनै किसिमले पनि सजाय दिनुहुन्छ। पिता-पुर्खाका दुष्टताको दण्ड तिनीहरूका छोराछोरी, नातिनातिना, र तेस्रो र चौथो पुस्तासम्म दिनुहुन्छ।" "परमेश्वरले चर्चलाई आफ्नो विशेष सम्पत्तिको रूपमा हातमा राख्नुभएको छ।

सारा मानिसहरूको सामु उहाँको भलाई, प्रेम र दयाका अमूल्य गुणहरूको घोषणा गर्न र चर्चका सदस्यहरूको जीवनमा ती चरित्रहरूलाई प्रतिबिम्ब गरी जिउन तिनीहरूलाई परमेश्वरले बोलाउनुभएको हो"-*द एसडिए बाइबल कमन्टरी,* ठेली ७, पृ. ५६२बाट रूपान्तरित।

**कुन आधारमा परमेश्वरले अब्राहमका सन्तानहरूलाई उहाँले आफ्ना जनहरू भनी चुन्नुभयो? के त्यो अहिले पनि सान्दर्भिक छ त? अर्थात् त्यही आधार के अहिलेका चर्चका सदस्यहरूलाई पनि लागु हुन्छ त? हेर्नुहोस् व्यवस्था ७:६-८ "६ परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति तिमीहरू एक पवित्र जाति हौ। परमप्रभु तिमीहरूका परमेश्वरले पृथ्वीमा भएका सबै मानिसहरूमध्येबाट आफ्नो निम्ति एक विशेष जाति, एक अमूल्य सम्पत्ति बनाउन तिमीहरूलाई छान्नुभएको छ। ७ तिमीहरू संख्यामा अरू जातिहरूभन्दा धेरै भएकाले परमप्रभुले तिमीहरूलाई प्रेम गर्नुभएको वा छान्नुभएको होइन, किनकि तिमीहरू त संख्यामा सबै जातिहरूभन्दा कम थियौ। ८ तर परमप्रभुले तिमीहरूलाई प्रेम गर्नुभएको कारणले, र उहाँले तिमीहरूका पिता-पुर्खाहरूसित गर्नुभएको प्रतिज्ञा पूरा गर्नलाई नै तिमीहरूलाई परमप्रभुले आफ्नो बाहुबलद्वारा निकाली ल्याउनुभयो, र मिश्रका राजा फारोको हातबाट, दासत्वको देशबाट छुटकारा दिनुभयो।"**

आज हामी प्रत्येक विश्वासीले आफ्नो बारेमा सायद यो प्रश्न सोध्न सक्छौं होला, कुन राष्ट्र आज परमेश्वरको पवित्र राष्ट्र भनेर सम्बोधन गर्न योग्य छ त? (पवित्र राष्ट्र भनेर चर्चलाई सम्बोधन गरिएको अर्को प्रतीक हो)। अहँ, संसारको कुनै पनि देशलाई परमेश्वरको महिमा गर्ने उहाँको निजी देश भनेर सम्बोधन गर्न सकिँदैन। सारा राष्ट्रका मानिसहरू र विभिन्न जातजातिहरूलाई मिलाएर परमेश्वरका जनहरू सृजिएका हुन् जो परमेश्वरको प्रेम र अनुग्रहको योग्य छैनन्। बाइबलले इस्राएल वा चर्चलाई पवित्र जनहरू भनेर चुनिएतापनि त्यो चुनिएको कारण इस्राएलका जनहरूले वा चर्चका सदस्यहरूले कुनै मानवीय असल काम वा धर्मकर्म गरेर परमेश्वरको निगाहा प्राप्त गरेको होइन तर उहाँको आफ्नै प्रेमको आधारमा तिनीहरूलाई स्थापना गरिएको हो भनेर पवित्र धर्मशास्त्रले सिकाउँदछ। मानिसको पाप र सारा राष्ट्र नै भ्रष्टभएर परमेश्वरबाट टाढा हुने प्रवृत्ति भएतापनि परमेश्वरको प्रेमिलो सृष्टिको स्वरुप परमेश्वरका जनहरू भनेर एक विशेष समूह निर्माण गरिएको हो। ती जनहरूको स्वइच्छाले परमेश्वरको प्रतिज्ञाको उपभोग गर्न नचाहेतापनि उहाँले अब्राहमको सन्तान येशू ख्रीष्टबाट आफ्ना जनहरूलाई मुक्ति दिने प्रतिज्ञा पूरा

गर्नुभएको थियो। जसरी आफ्नो अनुग्रहले गर्दा केही मानिसहरूलाई परमेश्वरले उहाँका जनहरू भनेर चुन्नुभएको छ, त्यसरी नै तिनीहरूको मुक्तिको निम्ति उहाँकै अनुग्रहले तिनीहरूलाई चुन्नुभएको छ। हामी चाहे परमेश्वरका जनहरू भनेर चुनिएका हौं वा उहाँले उपलब्ध गराउनुभएको मुक्ति होस्, त्यसमा सहभागि हुन हामीहरूको कुनै धर्मकर्म, परोपकारीय काम, असल चरित्र आदिबाट नभएर उहाँको निजी अनुग्रहबाट हो। मानवीय अथक प्रयास, त्याग, तपस्या, धर्मकर्म आदि गरेर परमेश्वरको अनुग्रह आर्जन गर्न सकिंदैन।

**हामीहरूको मुक्ति हामीहरूको कुनै कामले नभएर येशू ख्रीष्टले हाम्रो निम्ति के गर्नुभयो त्यसमा भर पर्छ भन्ने यो पवित्र आत्मज्ञानको सत्यलाई हामीले सधैं किन याद गरिरहनुपर्छ? हामीहरूले परमेश्वरका जनहरू भनेर दावी गरेतापनि त्यो स्थितिमा रहिरहन परमेश्वरको अनुग्रहको आवश्यकता किन छ?**

## २. परमेश्वरको घराना

**नयाँ करारमा** परमेश्वरका जनहरू भनेर देखाउन अर्को प्रतीकको प्रयोग गरिएको छ। त्यो हो परमेश्वरको घर वा घराना। कुनै पनि घर निर्माण गर्न ढुङ्गाहरू चाहिन्छ। चर्चलाई पनि घर भनेर सम्बोधन गर्दा जसरी ढुङ्गाहरू मिलेर घर बन्छ त्यसरी नै विश्वासीहरू मिलेर चर्च बनिन्छ भनेर बुझाउन खोजिएको हो। यदि ढुङ्गाहरू एक आपसमा मिलेर र टाँसेर बस्दा घर ठडिरहन्छ भने चर्च पनि खडा भइरहन परमेश्वरका जनहरू एक आपसमा मिल्नै पर्छ र आपसि हित र प्रेममा टाँसिरहनै पर्छ। इसाईहरू जिवित पत्थरहरू हुन् भनेर पत्रुसले १ पत्रुस २:५मा औंल्याउँछन्। यस चित्रणले इसाईहरूको बीचमा हुनुपर्ने स्थायित्व र एकतालाई जनाउँछ।

**चर्चका विश्वासीहरू कुन हिसाबले एक भइरहनुपर्छ र त्यसलाई बुझ्न पावलले कस्तो तुलना गरेर एकतामा जोड दिइरहेका छन्? हेर्नुहोस्ः एफिसी २:१९-२२ "१९ तिमीहरू विदेशी र प्रवासी होइनौ, तर सन्तहरूसँग तिमीहरू सङ्गी-नागरिक र परमेश्वरको परिवारका सदस्यहरू भएका छौ। २० त्यो घराना प्रेरितहरू र अगमवक्ताहरूको जगमाथि बसालेर निर्माण भएको छ, र ख्रीष्ट येशू आफैचाहिँ मुख्य कुने-ढुङ्गो हुनुहुन्छ। २१ उहाँमा पूरै घर ठीकसँग एकैसाथ जोडिएर प्रभुमा एउटै पवित्र मन्दिर हुनलाई बढ्दैजान्छ। २२ अनि पवित्र आत्मामा परमेश्वरको वासस्थान हुनलाई तिमीहरू पनि उहाँमा एकसाथ निर्माण हुँदैजान्छौ।"**

माथिका पदहरूमा पावलले चर्चलाई दुई प्रतीकहरू मिलाएर चित्रण गर्दछन्: प्रथमतः बसिरहने घर वा भवन र दोश्रोमा जीवित घर वा परमेश्वरका जनहरू।

पत्थर वा ढुङ्गा आफैमा त्यस्तो महत्त्वपूर्ण हुदैन, तर अरू पत्थरहरूसँग मिल्दा त्यो संरचना बन्छ र हुरी बतासबाट जोगिन सक्छ। विश्वासीहरू एक आपसमा मिल्न सक्यौं भने जीवनको कुनै पनि हुरी बतासहरूलाई थामेर बस्न सकिन्छ। कुनै पनि इसाई एक्लो पत्थर हुन सक्दैन। तर परमेश्वरको परिवारसँग सङ्गति गरेर एक आपसमा मिलेर बस्नुपर्दछ। कुनै पनि भवन बलियो भएर बस्न त्यसको जग बलियो हुनुपर्छ। प्रभु येशू ख्रीष्ट त्यो बलियो जग हो। परमेश्वरको परिवारको कुना ढुङ्गा वा शिर ढुङ्गा उहाँ नै हुनुहुन्छ (१ कोरन्थी ३:११मा भनिएको छ "जुन जग बसालिसकिएको छ, जो येशू ख्रीष्ट हुनुहुन्छ, त्यसबाहेक कुनै मानिसले अर्को जग बसाल्न सक्दैन।" चर्चले गर्ने सम्पूर्ण क्रियाकलापहरूको मूल केन्द्रविन्दु वा जग येशू ख्रीष्ट हुनुभएन भने त्यो चर्चको अस्तित्व हुनबाट रोकिन्छ। येशू ख्रीष्टको बास्तविकतालाई प्रकट गर्ने चर्च हो। चर्चले नै उहाँको जीवन, मृत्यु, पुनरुत्थान र दोस्रो आगमनलाई प्रकट गर्दछ। चर्च विश्वासीहरूको त्यो समाज हो जो एक भएर संसारका मानिसहरूलाई येशूको सुसमाचार सुनाउँदछन्। चर्चको मूल विषयबस्तु वा एजेन्डा वा कार्यसूची येशू नै हुनुहुन्छः उहाँ को हुनुहुन्छ, उहाँले हाम्रो निम्ति के गर्नुभयो र हामीमा उहाँले के गर्नुहुन्छ र उहाँलाई प्रभु र मुक्तिदाता भन्ने प्रत्येक व्यक्तिलाई उहाँले के दिन सक्नुहुन्छ।

समग्ररूपमा चर्चलाई परमेश्वरको घराना वा परिवार भनेर तुलना गर्नु अत्यन्त अर्थपूर्ण छ। जसरी परिवारमा एक आपसी समझदारी भएर सम्बन्ध राखिरहँदा एक भएर बस्छ त्यसरी नै चर्च थामि राख्न चर्चका विश्वासीहरूको बीचमा एक आपसको सम्बन्ध भइरहनुपर्छ। परिवार भन्नाले बुबा आमा, दाजुभाइ दिदी बहिनीहरू हुन्। परिवारहरूको बीचमा हुने सम्बन्ध बलियो हुनसक्छ र परिवारहरूको बीचमा जुन बफादारिता हुन्छ त्यो बाहिरका मानिसहरूसँग भन्दा पनि बलियो हुन्छ। बफादारिता, सत्य व्यवहारले एकतामा ठूलो भूमिका खेल्दछ। यदि एक आपसमा विश्वास भएन भने त्यहाँ कुनै किसिमको एकताको सम्भावना हुँदैन र परिवार टुक्रिन्छ।

परिवारिक चित्रण चर्चसँग कसरी मिल्दछ? चर्चका सदस्यहरू पनि ठूलो परिवारको भाग हो। हामीहरूको साझा पुर्खा आदमले गर्दा हामी सबै

मानव परिवारमा सहभागी भएका छौं। तर दोस्रो आदम येशूले गर्दा हामी परमेश्वरको परिवारमा पुनर्जन्म वा नयाँ जन्मद्वारा समावेश भएका हुन्छौं। यसरी हामी एक आपसमा मिलेर एक हुन्छौं। हामीले साझा सत्य शिक्षादीक्षा पाएकोलेमात्र परमेश्वरको परिवारमा एक हुन गएका होइनौं तर येशूमा नयाँ जीवनको अनुभव पाएर आमूल परिवर्तित जीवन भएकोले हो।

**तर दुःख लाग्दो कुरो हो कि सबै परिवारमा खुशीपूर्ण जीवन व्यतित गरिएको हुँदैन, अर्थात् सबै परिवारको अनुभव रमाइलो छ भन्ने छैन। त्यसले गर्दा चर्च एक परिवार हो भन्दा त्यो अर्थपूर्ण नहुनसक्छ। यद्यपि, हामी चर्च परिवार भएको हैशियतले परिवारमा कहिल्यै सुःखको अनुभव नगरेकाहरूलाई परमेश्वरको प्रेमिलो परिवारको अनुभूति कसरी दिन सक्छौं?**

## ३. पवित्र आत्माको मन्दिर

पावलले पवित्र आत्मा वा परमेश्वरको मन्दिर भनेर भवनलाई अर्को प्रतीकको रूपमा प्रयोग गर्छन्। भवन भन्दा केवल सानो तिनो घर नभएर अत्यन्त महङ्गो र बहुमूल्य भवन भन्ने आभास् पाइन्छ। १ कोरन्थी ६:१९मा हामीहरूको शरीर पवित्र आत्माको मन्दिर हो भनेर पावलले उल्लेख गरेतापनि १ कोरन्थी ३:१६,१७मा मन्दिर भन्नाले त्यसबेलाका देवीदेवताहरूलाई बनाइएको भव्य, पवित्र र बहुमूल्य धार्मिक संरचनालाई जनाइएको देखिन्छ। जसरी भौतिक मन्दिरलाई पवित्र र आस्थाको केन्द्र बनाइन्छ त्यसरी नै परमेश्वरको चर्च पवित्र र आस्थाको केन्द्र बनाइनुपर्छ भन्ने पावलको भनाइ छ।

**१ कोरन्थी ३:१६,१७मा विश्वासी वा विश्वासीहरूको समूह चर्चलाई पवित्र आत्माको मन्दिर भनेर औंल्याइएको छ। त्यसको अर्थ के हो? पद १७मा हामीलाई के चेतावनी दिइएको छ? हेर्नुहोस् "१६ के तिमीहरूलाई थाहा छैन, तिमीहरू परमेश्वरका मन्दिर हौ, र परमेश्वरका पवित्र आत्मा तिमीहरूमा वास गर्नुहुन्छ? १७ कसैले परमेश्वरको मन्दिरलाई नष्ट गर्छ भने परमेश्वरले त्यसलाई नष्ट गर्नुहुनेछ। किनकि परमेश्वरको मन्दिर पवित्र हुन्छ, र त्यो मन्दिर तिमीहरू नै हौ।"**

पावलको दिमागले चर्च भन्दा भौतिक मन्दिर वा धार्मिक संरचना वा सम्पदा भन्न खोजिएको देखिन्दैन। कतिपय मानिसहरूले मन्दिर वा चर्च भवनमा परमेश्वर बस्नु हुन्छ भनेर विश्वास गर्दछन्। ग्रीक भाषाको नयाँ करारमा लेखिए अनुसार पावलले "तिमी" जुन एक वचन र "तिमीहरू" जुन

बहुवचनको बीचमा फरक देखाइएको छ। "तिमी" भन्दा एक जना मानिसलाई सम्बोधन गरिएको भने "तिमीहरू" भन्दा धेरै मानिसहरूलाई सम्बोधन मानिन्छ। यस खण्डमा एक जना विश्वासी नभएर धेरै विश्वासीहरूलाई सम्बोधन गरिएको पाइन्छ। पावलद्वारा गरिएको चित्रणमा विश्वासीहरू एक सामुहिक संरचना भनेर औंल्याइएको छ। कोरन्थीका इसाईहरू पवित्र आत्माको मन्दिर हो र आत्मिक रूपमा परमेश्वर तिनीहरूसँग रहनुहुन्छ भनेर पावलले सिकाउन खोजेका थिए।

जब जब इसाईहरू एक ठाउँमा भेला भएर सङ्गति गर्छन् तब त्यसबेला परमेश्वर तिनीहरूको माझमा उपस्थित हुनुहुनेछ भन्ने पावलको जिकिर थियो। त्यसकारण कसैले इसाई एकता वा सङ्गतिलाई खलबल पार्दछ वा त्यसलाई भत्काउन खोज्छ भने त्यसले परमेश्वरको न्यायको दण्ड भोग्नुपर्नेछ भनेर पावलले सुनाउँदछन्। विश्वासीहरूको एकताको केन्द्रविन्दु सङ्गति हो। त्यो सङ्गति वा आराधना गर्ने समयमा परमेश्वरको उपस्थिति हुन्छ त्यसकारण विश्वासीहरूको समूह परमेश्वरको पवित्र मन्दिर बन्दछ। कतिपय समयमा यस पदलाई विश्वासीहरूले आफ्नो शरीरको हेरचाह गर्नुपर्छ भनेर लिइएतापनि (हुन त येशूलाई विश्वास गर्छु भन्ने प्रत्येक व्यक्तिले आफ्नो शरीरलाई हिफाजत गर्नु जरुरी छ) पावलले अर्को विशेष अर्थ लगाउन खोजेको पाइन्छ। जो व्यक्तिले चर्चको एकतालाई भङ्ग गर्न खोज्छ त्यसलाई परमेश्वरले बाँकी राख्नुहुन्न भन्ने सन्देश पावलको थियो।

१ कोरन्थी अध्याय ३को सुरुमा चर्चको एकतालाई खतम गर्न खोज्ने तत्वहरू विश्वासीहरूमा भएको पावलले खुलेर लेख्दछन्। उनले भन्छन्: "तिमीहरूको बीचमा डाह, ईर्षा, कलह, विवाद र फुट भएको मेरो जानकारीमा आएको छ" (१ कोरन्थी ३:३ रूपान्तरित)। जब इसाई भनाउँदाहरूको बीचमा डाह, कलह, आफ्नो भाऊ खोज्ने प्रवृत्तिले गर्दा उब्जिने ईष, आफू धर्मात्मा भएको देखाएर चर्च समूहबाट छुट्टिने मनस्थितिले अड्डा जमाउँछ तब त्यसबेला उहाँको पवित्र मन्दिरबाट आफ्नो उपस्थिति गायब हुन जान्छ। अर्को अर्थमा भन्ने हो भने चर्चमा भएको द्वन्द र झगडाले परमेश्वरको मन्दिरलाई नाश गर्न सक्छ। त्यसकारण चर्चका सदस्यहरूले त्यो कुनै पनि मनस्थिति र व्यवहारलाई पन्छाउनुपर्छ जसले चर्चको एकतालाई भङ्ग गर्न खोज्छ।

जब चर्चमा बादविवाद वा द्वन्द्ध सुरु हुन्छ तब कोरन्थीका इसाईहरूलाई दिएको पावलको सल्लाह अहिले पनि लागु हुनसक्छ भनेर

मानिलिनुपर्छ "१० भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्टको नाउँमा म तिमीहरूलाई आग्रह गर्दछु, कि तिमीहरू सबै एक-अर्कासँग सहमत होओ वा एकै बोलि बोल, र तिमीहरूको माझमा केही फुट नहोस्। तर तिमीहरू एकै मन र एकै विचार वा न्यायका भएर एक आपसमा जोडिएर बस।" १ कोरिन्थी १:१० रूपान्तरित।

**पावलको समयमा इसाईहरूको बीचमा पनि डाहा, ईष, आफ्नो भाऊ खोज्ने प्रवृत्ति, एक आपसमा झगडा र फुट हुने समस्याहरूले अड्डा जमाएको थियो। आजको सन्दर्भमा पनि खास केही फरक भएको पाइन्दैन। हामी प्रत्येकले के गर्न सक्छौं जसले गर्दा चर्चको एकतालाई नाश गर्ने समस्यालाई हटाउने प्रयास गर्न सक्छौं?**

## ४. येशू ख्रीष्टको शरीर

खास गरेर चर्च वास्तविकरूपमा के हो भनेर अत्यन्त उत्तम चित्रण चर्च येशूको शरीर हो र जसरी शरीर विभिन्न अङ्गहरू भएर पनि एक हुन्छ त्यसरी नै चर्चमा विभिन्न थरीका विश्वासीहरू हुन्छन् तर ती सबै एक हुन्। "१२ किनकि जस्तो शरीर एक छ, र त्यसका धेरै अङ्गहरू हुन्छन्, र शरीरका सम्पूर्ण अङ्गहरू धेरै भए तापनि शरीरचाहिँ एउटै हुन्छ, ख्रीष्ट पनि त्यस्तै हुनुहुन्छ।... २७ तिमीहरू ख्रीष्टका शरीर हौ, र हरेक विश्वासी त्यसका अङ्गहरू हौ।" (१ कोरिन्थी १२:२६,२७ रूपान्तरित)।

जसरी मानव शरीर विभिन्न अङ्ग तथा भागहरू मिलेर एउटै भएर बस्दछ र विभिन्न अङ्गहरूको काम भिन्नाभिन्नै हुन्छ त्यसरी नै येशूरूपि शरीर चर्चमा विभिन्न दक्षता, विभिन्न जात, वर्ण, उमेर, लिङ्ग आदि भएका विश्वासीहरू समावेश भएर एक हुन गएका हुन्छन्।

**पावलले चर्चको एकतालाई शरीरसँग तुलना गरेर चित्रण गरेका छन्। जसरी शरीरमा विभिन्न अङ्गहरू मिलीजुली एक हुन्छन् त्यसरी चर्चमा पनि विभिन्न विश्वासीहरू मिलीजुली एक भएर सक्रिय हुनुपर्छ भनेर पावलले १ कोरन्थी १२:१-३० मा चर्चको एकतालाई जोड दिएको चित्रणले तपाईंको स्थानीय चर्चमा कसरी लागु भइरहेको छ? विश्वव्यापी एडभेन्टिस्ट चर्चमा त्यो कसरी लागुभइरहेको छ? हेर्नुहोस् "१ भाइ हो, आत्मिक वरदानको विषयमा तिमीहरू अजान रहो भन्ने मेरो इच्छा छैन। २ तिमीहरूलाई थाहै छ, कि जब तिमीहरू अविश्वासी थियौ, तब कुनै न कुनै प्रकारले प्रभावित भएर तिमीहरू बोल्नै नसक्ने**

मूर्तिहरूतिर बहकिएका थियौ। ३ यसकारण तिमीहरूले यो कुरा बुझेका म चाहन्छु, कि परमेश्‍वरका आत्माद्वारा बोल्ने कसैले "येशू श्रापित होस्" भन्दैन, अनि पवित्र आत्माद्वारा मात्र "येशू नै प्रभु हुनुहुन्छ" भन्न सक्छ। ४ वरदानहरू विभिन्न किसिमका छन्, तर पवित्र आत्मा एउटै हुनुहुन्छ। ५ सेवाहरू धेरै थरीका हुन्छन्, तर प्रभु एउटै हुनुहुन्छ। ६ कामहरू धेरै किसिमका छन्, तर उनै परमेश्‍वरले हरेकलाई ती काम गर्ने प्रेरणा दिनुहुन्छ। ७ सबैका हितको लागि नै पवित्र आत्माको काम प्रकट हुन हरेकलाई दिइएको छ। ८ कसैलाई पवित्र आत्माद्वारा बुद्धिका कुरा बोल्ने, कसैलाई उनै पवित्र आत्माअनुसार ज्ञानका कुरा बोल्ने, ९ कसैलाई उनै पवित्र आत्माद्वारा विश्‍वास गर्ने, कसैलाई उनै एक पवित्र आत्माद्वारा रोग निको पार्ने वरदानहरू दिइएका छन्, १० कसैलाई आश्‍चर्य कामहरू गर्ने, कसैलाई अगमवाणी बोल्ने, कसैलाई आत्माहरू छुट्ट्याउन सक्ने, कसैलाई भिन्न-भिन्न किसिमका भाषाहरू बोल्ने, कसैलाई चाहिँ ती भाषाहरूको अर्थ खोलिदिने। ११ तर यी सबै उनै एक पवित्र आत्माका कामहरू हुन्। उहाँले हरेकलाई उहाँको इच्छाअनुसार वरदान दिनुहुन्छ। १२ किनकि जस्तो शरीर एक छ, र त्यसका धेरै अङ्गहरू हुन्छन्, र शरीरका सम्पूर्ण अङ्गहरू धेरै भए तापनि शरीरचाहिँ एउटै हुन्छ, ख्रीष्ट पनि त्यस्तै हुनुहुन्छ। १३ किनकि एउटै पवित्र आत्माद्वारा हामी सबैले एउटै शरीरमा बप्तिस्मा पाएका छौं– यहूदी वा ग्रीक, कमारो वा फुक्का, हामी सबैलाई एउटै पवित्र आत्माबाट पिउन दिइयो। १४ किनकि शरीर एउटै अङ्गबाट मात्र होइन तर धेरै अङ्गहरूबाट बनिएको हुन्छ। १५ यदि खुट्टाले "म हात होइनँ, यसैले म शरीरको अङ्ग होइन" भन्यो भने, के त्यो शरीरको अङ्ग हुँदैन र? १६ र कानले "म आँखा होइनँ, यसैले म शरीरको अङ्ग होइनँ" भन्यो भने, त्यो शरीरको अङ्ग हुँदैन र? १७ यदि जम्मै शरीर आँखा हुँदो हो त सुन्ने कहाँबाट? यदि जम्मै शरीर कान हुँदो हो त सुँघ्ने कहाँबाट? १८ तर परमेश्‍वरले आफ्नो इच्छाबमोजिम शरीरमा हरेक अङ्ग मिलाएर राखिदिनुभएको छ। १९ यदि ती जम्मै एउटै अङ्ग हुँदा हुन् त शरीर कहाँ हुने? २० तर अङ्गहरू धेरै छन्, तापनि शरीरचाहिँ एउटै। २१ आँखाले हातलाई "मलाई तेरो दरकार छैन" भन्न सक्दैन, र शिरले पनि खुट्टालाई "मलाई तिमीहरूको दरकार छैन" भन्न सक्दैन। २२ बरु शरीरका अझ दुर्बल देखिने अङ्गहरू नै नभई नहुने हुन्छन्। २३ शरीरका ती अङ्गहरू जुनहरूलाई हामी कम महत्त्वका ठान्छौं, तिनलाई हामी बढ्ता आदर दिन्छौं। प्रत्यक्ष रूपले देखाउन नसकिने अङ्गहरूलाई हामी बढ़ी भद्रतासाथ राख्छौं, २४ प्रत्यक्ष देखाउन

**सकिने हाम्रा अङ्गहरूलाई त्यस्तो हिफाजत चाहिँदैन। तर परमेश्वरले हाम्रो शरीरलाई यसरी मिलाउनुभएको छ कि हीन अङ्गहरूलाई बढ़ी आदर प्रदान गर्नुभएको छ, २५ ताकि शरीरमा बेमेल नहोस्, तर अङ्गहरू एउटाले अर्काको निम्ति समान वास्ता राखून्। २६ यदि एउटा अङ्गलाई कष्ट भयो भने सबै अङ्गहरूले सँगै कष्ट भोग्छन्, अथवा एउटा अङ्गको आदर भयो भने सबै अङ्गहरूले सँगै आनन्द मनाउँछन्। २७ तिमीहरू ख्रीष्टका शरीर हौ, र हरेक त्यसका अङ्गहरू हौ। २८ परमेश्वरले मण्डलीमा पहिलो प्रेरितहरू, दोस्रो अगमवक्ताहरू, तेस्रो शिक्षकहरू, तब आश्चर्य काम गर्नेहरू, र निको पार्ने वरदान पाएकाहरू, सहायता गर्नेहरू, प्रशासन गर्नेहरू, विभिन्न भाषा बोल्नेहरू नियुक्त गर्नुभएको छ। २९ के सबै प्रेरितहरू हुन्? के सबै अगमवक्ता हुन्? के सबै शिक्षक हुन्? के सबै आश्चर्यकर्म गर्नेहरू हुन्? ३० के सबैसँग निको पार्ने वरदानहरू हुन्छन्? के सबैले विभिन्न भाषा बोल्दछन्? के सबैले अर्थ खोल्न सक्छन् र?"**

असली इसाईहरूको गहिरो वास्तविकतामा केवल विभिन्न जातजातिहरू मिलेर बनिएको समाजमात्र नभएर ती विभिन्न जातजाति, वर्ण, लिङ्ग, दक्षताहरूद्वारा नै इसाई एकता बन्दछ भनेर पावलले १ कोरन्थी १२मा सिकाउँदछ। मानिसहरूको विविधता देखाउने स्रोत पवित्र आत्मा हुनुहन्छ भन्ने ज्ञानमा हामीले आश्चर्य मान्नु हुन्न । जसरी अचम्मको विभिधता वा विभिन्न अङ्गहरू भएतापनि मानव शरीर अकल्पनीय रूपमा एक भएर बस्दछ त्यसरी नै येशूको शरीररूपि चर्चमा भएका विविधताले उहाँको पूर्णता र सानदार चरित्रताको आदर्श झल्काउँछ।

यो चर्चको चित्रण कुनै घुमाउरो पाराले नभएर हामीलाई सिधै बोल्दछ। केही दशकमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्च द्रुत गतिले बृद्धि भएको छ। विश्वका प्रत्येक पृष्ठभूमि, संस्कृति, संस्कार वा रहनसहन र वातावरणबाट आएका मानिसहरू समावेश भएर सेभेन्थ-डे एडेभेन्टिस्ट चर्च बनेको छ। हामीहरूको विभिन्न जातजाति, वर्ण, संस्कार, संस्कृति, शिक्षा, लिङ्ग र उमेरको कारणले येशू ख्रीष्टमा भएको एकतालाई टुक्राउन दिनुहुन्न। यदि पवित्र आत्माको शक्तिद्वारा हामीहरूको विभिधता एकै थलोमा गाँसिएको छ भने हामीहरू येशू ख्रीष्टमा एक हुन जान्छौं। विभिन्न जातजाति, वर्ण, संस्कार, लिङ्ग, उमेर आदिको बावजुद पनि, चर्च येशू ख्रीष्टमा एक भएको सत्यतालाई प्रकट गर्दछौं।

हामी जो भएतापनि र जहाँबाट आएतापनि क्रुसको छहारीमा हामी सबै एकै हौं। यस संसारका मानिसहरू विभिन्न कारणले टुक्राटुक्री हुनगइरहेको परिप्रेक्ष्यमा विविधता भएतापनि एकता प्राप्त गर्न सकिन्छ भनेर चर्चले देखाउनै पर्छ। सुसमाचारको शक्तिद्वारा परमेश्वरका जनहरूले सबैलाई एक ठाउँमा मिलाएर ल्याउन सकिन्छ र मानवीय कारणले भएका घाऊहरूलाई निको पार्न सकिन्छ भनेर चर्चले देखाउनै पर्दछ।

तर त्यो आदर्श त्यसबेला पूरा गर्नसक्छौं जब येशू ख्रीष्टलाई चर्चको शिर र उहाँ शरीरको मुक्तिदाता भनेर मान्दछौं (एफिसी ५:२३)। "उहाँ शरीरको शिर हुनुहुन्छ त्यो शरीर हो चर्च" (कलस्सी १:१८ रूपान्तरित)। जसरी प्रत्येक विश्वासी आत्मिकरूपमा येशूसँग जोडिएको हुन्छ त्यसरी नै चर्चको सारा शरीर त्यही आत्मिक खानाबाट पोषित भएको हुन्छ। त्यसकारण चर्चलाई एकताको शुत्रमा राखिराख्न परमेश्वरको वचन पढ्न र सिक्न अनिवार्य छ। त्यसको साथै सङ्गति गर्न साझा चाहना र इमान्दारितापूर्वक परमेश्वरको आराधना गर्ने र प्रार्थना गर्ने नीतिले शरीरिरूपमा येशूको एकतालाई निम्त्याउँछ भन्ने प्रतिवद्धता प्रत्येक येशूभक्तमा हुनैपर्छ।

## ५. भेँडा र गोठालो

**चर्चलाई विभिन्न प्रतीकहरूद्वारा चित्रण गरेको हामीले पढिरहेकाछौं।। अब येशूले चर्चको एकतालाई भेँडाहरूको गोठसँग तुलना गर्नुभएको यूहन्ना १०:१-११मा हामी पाउँछौं। त्यसरी नै राजा दाउदले भजन २३मा आफू भेँडा र परमेश्वर गोठालो हुनुभएको वर्णन गर्दछन्। हेर्नुहोस् यूहन्ना १०:१-१५ "१ "साँच्चै, म तिमीहरूलाई भन्दछु, जो भेड़ा-गोठको ढोकाबाट भित्र पस्दैन, तर अर्कोपट्टिबाट चढ़ेर पस्छ, त्योचाहिँ चोर र डाँकू हो, २ तर ढोकाबाट भित्र पस्नेचाहिँ भेड़ाको गोठालो हो। ३ ढोकेले उसको लागि ढोका खोलिदिन्छ, र भेड़ाहरूले उसको सोर सुन्छन्, र उसले आफ्ना भेड़ाहरूलाई नाउँ काढ़ी-काढ़ी बोलाउँछ, अनि तिनीहरूलाई बाहिर लैजान्छ। ४ जब उसले आफ्ना सबै भेड़ाहरूलाई बाहिर निकालिसक्छ, ऊ तिनीहरूका अगिअगि हिँड्छ, र भेड़ाहरूले उसलाई पछ्याउँछन्, किनभने तिनीहरूले उसको सोर चिन्छन्। ५ तर अपरिचित व्यक्तिलाई तिनीहरू पछ्याउँदैनन्, तर त्यसदेखि भाग्नेछन्। किनभने अपरिचित व्यक्तिको सोर तिनीहरूले चिन्दैनन्।" ६ येशूले तिनीहरूलाई यो दृष्टान्त भन्नुभयो, तर उहाँले तिनीहरूलाई भन्नुभएको कुरा तिनीहरूले बुझेनन्। ७ यसकारण येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु,**

**भेड़ाहरूको ढोका मै हुँ। ८ मभन्दा अघि आउने सबै चोर र डाँकूहरू हुन्, तर भेड़ाहरूले तिनीहरूका कुरा सुनेनन्। ९ ढोका म नै हुँ, यदि कोही मानिस मबाट भित्र पस्यो भने त्यो बचाइनेछ, र भित्र-बाहिर आउने-जाने गर्नेछ, र खर्कमा चर्न पाउनेछ। १० "चोर त चोर्न, मार्न र नाश पार्न मात्र आउँछ। म त तिनीहरूले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ। ११ म असल गोठालो हुँ। असल गोठालाले आफ्ना भेड़ाहरूका निम्ति आफ्नो प्राण अर्पण गर्छ। १२ भाडाको मान्छेचाहिँ भेड़ाहरूको आफ्नै गोठालोजस्तो होइन। त्यसले त ब्वाँसालाई आएको देखेर भेड़ाहरूलाई छोडी त्यो भाग्छ, र ब्वाँसाले भेड़ाहरूलाई गाँजी लैजान्छ, र तितरबितर पारिदिन्छ। १३ त्यो भाग्छ, किनभने त्यो भाडाको मान्छे हो, त्यसले भेड़ाको केही वास्ता गर्दैन। १४ "म असल गोठालो हुँ, म आफ्ना भेड़ाहरूलाई चिन्छु, अनि मेरा भेड़ाहरूले मलाई चिन्छन्। १५ जसरी पिताले मलाई चिन्नुहुन्छ, म पितालाई चिन्छु, अनि म भेड़ाहरूका लागि आफ्नो प्राण अर्पण दिन्छु।" र भजन २३ "१ परमप्रभु मेरा गोठाला हुनुहुन्छ, मलाई केही कुराको अभाव हुँदैन। २ उहाँले मलाई हरियो खर्कमा लेटाउनुहुन्छ, र मलाई शान्त पानीको छेउमा डोर्‍याउनुहुन्छ। ३ उहाँले मेरो प्राणलाई पुनर्जीवित पार्नुहुन्छ। उहाँले आफ्नो नाउँको खातिर मलाई धार्मिकताको मार्गमा डोर्‍याउनुहुन्छ। ४ मृत्युको अन्धकारमय घाटी भएर जानुपरे तापनि म कुनै खतरादेखि डराउनेछैनँ, किनकि तपाईं मेरो साथमा हुनुहुन्छ। तपाईंको लट्ठी र तपाईंको लहुरोले मलाई सान्त्वना दिन्छन्। ५ मेरा शत्रुहरूका सामुन्ने तपाईंले मेरो निम्ति भोज तयार पार्नुहुन्छ। तपाईंले मेरो शिर तेलले अभिषेक गर्नुहुन्छ, मेरो कचौरो** भरिएर **पोखिन्छ। ६ निश्चय नै तपाईंको भलाइ र करुणा मेरो जीवनभरि मपछि लाग्नेछ, र परमप्रभुको घरमा म सदासर्वदै वास गर्नेछु।"**

आधुनिक संसारमा ठूला ठूला सहरहरूले गर्दा पशु पालन गर्ने थलोहरू पाउन मुस्किल भएको पाइन्छ। आधुनिक संसारमा भेंडा र गोठालोको बीचमा हुने सम्बन्धको बारेमा थोरैलाई मात्र थाहा हुन्छ। तर जुनवेला येशूले यो अर्तिकथा भन्नुभयो त्यसबेलाका समयका मानिसहरूले राम्रैसँग बुझेका थिए। जब उहाँले भन्नुभयो, "म असल गोठालो हुँ" त्यसबेल भजन २३:१ तिनीहरूले तुरन्तै याद गरेका थिए "परमप्रभु मेरो गोठालो हुनुहुन्छ।" यो गोठालो भन्ने चित्रण मानिसहरूले स्पष्टरूपमा बुझेका मात्र थिएनन् तर भावनात्मक अर्थ र मर्म पनि बुझेका थिए । पौराणिक मध्य पूर्वमा र अहिले पनि गोठालाहरू

तिनीहरूको भेँडाको हेरचाहमा समर्पित थिए भनेर देखाउँथ्यो। भेँडालाई रक्षा गर्न जुनसुकै जोखिमको पनि सामना गर्न तिनीहरू तयार थिए। परमेश्वरको स्वभाव वा चरित्र र आफ्ना जनहरूसँग उहाँको सम्बन्धलाई गोठालोको प्रतीकले स्पष्टरूपमा व्याख्या गरिएको बाइबलमा पाइन्छ।

परमेश्वरका जनहरूलाई भेँडा भनेर चित्रण गरिनु पनि रोचक नै मान्नुपर्छ। हामी भेँडाको स्वभावको बारेमा धेरै कुराहरू सोच्न सक्छौं। एउटा स्वभाव त भेँडाले कसैलाई हानी नगर्ने र अरूको आक्रमणमा आफूले आफैलाई सुरक्षा दिन नसक्ने देखाउँछ। त्यसकारण तिनीहरूको सुरक्षा र अगुवाइको निम्ति तिनीहरूले असल गोठालोको भर पर्नुपर्दछ। स्पष्टरूपमा भन्ने हो भनेर तिनीहरू मूर्ख देखिन्छन्। कतिपय समयमा भेँडा वा पाठो हराउँछ र गोठालोले धेरै दुःखसाथ खोजेर आफ्नो बगालमा ल्याउन खोज्छ। पाठाहरूलाई प्रायजसो गोठालोलेनै बोक्नुपर्ने हुन्छ। भेँडाको हेरचाह गर्न धैर्यता र बुझ्ने शक्तिको आवश्यकता पर्छ। स्पष्ट रुपमा पाराले भन्नुपर्दा भेँडाको चित्रणले चर्चको स्वभावलाई सिद्धरूपमा चित्रण गर्दछ। यदि चर्चका सदस्यहरूले गोठालो प्रभुसँग गहिरो सम्बन्ध राखे भने तिनीहरूले कुनै किसिमको डरमा बस्नु पर्ने आवश्यकता रहदैन।

भेँडाले आफ्नो गोठालोको स्वर चिन्नु अति जरुरी छ भनेर येशूले उक्त कथामा भन्नुभएको थियो। आवश्यक भएमा अरू बगालका भेँडाहरूलाई एउटै बगाल वा गोठमा राख्नुपर्ने हुन्छ। पछि तिनीहरूलाई कसरी छुट्याउने त? जब गोठालोले आफ्नो भेँडालाई बोलाउँछ तब उसको भेँडाले उसको स्वर सुन्छ र चिन्छ तब उसको पछि लाग्दछ। "४ जब उसले आफ्ना सबै भेड़ाहरूलाई बाहिर निकालिसक्छ, ऊ तिनीहरूका अगिअगि हिँड्छ, र भेड़ाहरूले उसलाई पछ्याउँछन्, किनभने तिनीहरूले उसको सोर चिन्छन्। ५ तर अपरिचित व्यक्तिलाई तिनीहरू पछ्याउँदैनन्, तर त्यसदेखि भाग्नेछन्। किनभने अपरिचित व्यक्तिको सोर तिनीहरूले चिन्दैनन्।" (यूहन्ना १०:४-५)। गोठालो रूपि प्रभु येशूको स्वर चिन्नु चर्चको निम्ति निर्णायक कदम हो। यथार्थमा भन्ने हो भने चर्चको एकता र सुरक्षा त्यसमा भरपर्छ जब परमेश्वरका जनहरू उहाँको हेरचाहमा बस्दछन् र उहाँको आवाजलाई सुनेर उहाँमा समर्पित जीवन बिताउँछन्।

**बर्तमान आत्म गौरबको समाजमा मानिसहरू आफूहरूलाई भेँडा भनेर सम्बोधन गरेको मन पराउँदैनन्। यद्यपि, हामीहरूको निम्ति त्यो चित्रण किन**

**उपयुक्त छ? यस चित्रणले हामीहरूलाई सही र असल गोठालोको आवश्यकता छ र उहाँको स्वर चिन्नु जरुरी छ भनेर कसरी देखाउँछ?**

## उपसंहार

**थप जानकारीको निम्तिः एलेन जी ह्वाइटद्वारा लिखित *द डिजाएर अभ एजेजको* पृ. ४७६-४८४मा उल्लेखित अध्याय "द डिभाइन शेपर्ड" र *द काउन्सिल फर द चर्चको* पृ. २४०-२४३मा उल्लेखित अध्याय "द चर्च अन अर्थ।"**

"जब नयाँ करारका लेखकहरूले चर्च भनेको मन्दिर हो भनेर उल्लेख गरेका थिए तब तिनीहरूले यरुशलेममा भएको भव्य मन्दिर र तत्कालीन ग्रीक र रोमीहरूको आस्थाको केन्द्र भव्य मन्दिरहरूको संरचनालाई मनमा राखेका थिए। ती मन्दिरहरूसँग चर्चलाई चित्रण गर्दा चर्च परमेश्वरको पवित्र मन्दिर हो, चर्चको स्थापना र बृद्धिमा परमेश्वरको भूमिका, येशू ख्रीष्ट र पवित्र आत्माको कामको व्याख्या र चर्चका विश्वासीहरूको बीचमा हुनुपर्ने ऐक्यवद्धतालाई जानकारी दिन लेखेका थिए। अचल मन्दिरको आकर्षित भवनलाई देखाएर चर्च भवन पनि सबैलाई आकर्षित गर्ने थलो हो भनेर बुझाउन खोजिएको छ तर यथार्थमा चर्च भनेको कुनै भवन नभएर परमेश्वरलाई विश्वास गर्नेहरूको भेला हो भनेर हामीले थाहा पाउनुपर्दछ। विश्वासीहरूबिना चर्च भवनको कुनै अर्थ हुँदैन। मानिसहरूलाई भव्य चर्च कसरी निर्माण गरियो भनेर आश्चर्य चकित पार्नुभन्दा त्यस भित्र आराधना गर्ने मानिसहरूको चरित्र र जीवन परमेश्वरको शक्तिले कसरी पुननिर्माण गरियो भनेर थाहा दिनु जरुरी छ। जीवित परमेश्वरको मन्दिररूपी (२ कोरन्थी ६:१६) विश्वासीहरूको जीवन र तिनीहरूको अनुभवमा परमेश्वरले कस्तो काम गरिरहनुभएको छ देखाउने थलो चर्च हो। विश्वासीहरूको जीवनमा परमेश्वरले अचम्मसँग काम गरिरहनुभएको क्रियाकलापलाई नम्रतापूर्वक देखाउने सुवर्ण अबसर चर्चलाई दिइएको छ।"-जोन माकभे, "बिब्लिकल मेटाफोरस् फर द चर्चः बिल्डिङ्ग ब्लक फर एक्लिसियालोजी," आन्जल मानुयल रोड्रिगेद्वारा सम्पादित, *मेसेज, मिसन, एण्ड युनिटी अभ द चर्च* (हागरसटाउन, मेरिल्याण्डः रिभ्यु एण्ड हेराल्डस्य २०१३), पृ. ५२बाट रूपान्तरित।

**चिन्तनमननः**

अ) बाइबलमा चर्च भनेको के हो भनेर बुझाउन विभिन्न प्रतीकहरूको प्रयोग गरिएको छ। त्यसको बारेमा फेरि सोच्नुहोस्। ती प्रतीकहरूमध्ये तपाईंलाई सबभन्दा वढि मन पर्ने कुन हो? एक प्रतीक भन्दा अर्को प्रतीकसँग तपाईं आकर्षित हुने कारण के हो? देहायका केही पदहरूमा पनि चर्च वा विश्वासीलाई विभिन्न रूपमा चित्रण गरिएको छः १ तिमोथी ३:१४,१५ "१४ तिमीकहाँ चाँडै आउने आशा राखेको छु, तर म यो तिमीलाई लेख्तछु, १५ ताकि कतै म ढिलो आएँ भने पनि परमेश्वरको घराना, जो जीवित परमेश्वरको मण्डली हो र सत्यको खामो र आड़ हो, त्यहाँ कसरी चल्नुपर्छ सो तिमीले जानिराख।" (परमेश्वरको घराना, जीवित परमेश्वरको मण्डली, सत्यको खम्बा र आड), २ तिमोथी २:३-६ "३ ख्रीष्ट येशूका असल सिपाहीझैं दुःख-भोगमा हामीसँग सहभागी होऊ। ४ सेनामा भर्ना भएको सिपाही अरू धन्धामा अल्झँदैन, किनकि उसलाई भर्ना गर्नेलाई सन्तुष्ट पार्नु नै उसको लक्ष्य हुन्छ। ५ प्रतियोगितामा नियमबमोजिम भाग नलिएसम्म कुनै खेलाडीले पनि इनाम पाउन सक्दैन। ६ परिश्रम गर्ने किसानले नै बालीको पहिलो हिस्सा पाउनुपर्दछ।" (युद्ध लड्ने सिपाहीं, प्रतियोगितामा लाग्ने खेलाडि, र खेतबालीमा परिश्रम गर्ने किसानी) र १ पत्रुस २:९ "तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ। उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक" (बिषेश वंश, राजकीय पूजाहारी, पवित्र जाति, परमेश्वरका निजी प्रजा र अन्धकारबाट उज्यालोमा ल्याइएको)। ती सबै प्रतीकहरूले चर्चको बारेमा के सिकाउँदछ?

आ) "आफ्ना जनहरू इसाई सङ्गतिद्वारा घनिष्ठ सम्बन्ध राखेर एक होऊन् भन्ने परमेश्वरको चाहना हो। चर्चको उन्नति तथा

उत्थानको निम्ति हामीहरूका विश्वासी दाजुभाइ तथा दिदीबहिनीहरूको बीचमा विश्वासको वातावरण हुनै पर्छ। आत्मिक वा धार्मिक सङ्कटको समयमा सबै मिलेर एकजुत भएर त्यसको सामना गर्नु जरुरी छ। एउटा सानो वेवास्ता गर्ने बानीले गर्दा चर्चलाई सङ्कटमा पार्न सक्छ। कुनै पनि विश्वासीको हेलचक्राईले चर्चमा ल्याउने दुःख, कष्टलाई निको पार्न धेरै वर्ष लाग्न सक्छ।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ३, पृ. ४४६बाट रूपान्तरित। चर्चको एकतालाई सुरक्षित राख्न खोज्नु प्रत्येक विश्वासीको कर्तव्य हो। चर्चको एकतालाई खलल पुऱ्याउनु भनेको के रहेछ भनेर चेतावनीस्वरुप हामीलाई के दिइएको छ? पवित्र चर्चलाई एक बनाइ राख्ने पवित्र जिम्मेवारीमा हामी प्रत्येकको भूमिका के छ?

इ) यस अध्यायको प्रथम भागमा येशूका विश्वासीहरूलाई परमेश्वरको जनहरू भनेर औंल्याइएतापनि त्यो हक हामीहरूको कुनै धर्मकर्म, असल काम, जात, राष्ट्र, प्रतिष्ठा आदिबाट पाएको नभएर परमेश्वरको अनुग्रहबाट पाएका हौं भनेर जानिराख्नु जरुरी छ। हामीहरूको मुक्तिको निम्ति परमेश्वरकै अनुग्रहमा भरपर्नुपर्छ भनेर ख्याल गरिराख्ने कामबाट हामी चुक्नु हुन्न। यथार्थमा भन्ने हो भने हामीहरूको मुक्तिको निम्ति परमेश्वरले जे गर्नुभयो त्यसमा हाम्रो भरपर्ने नीतिले गर्दा नै हामी परमेश्वरका जनहरू हुन गएका हौं। यो दावी मनासिब छैन र?

**सारांशः** चर्चको लक्ष्य र स्वभावलाई चिनाउन नयाँ करारमा विभिन्न प्रतीकहरूद्वारा चित्रण गरिएको छ। परमेश्वरले ध्यानपूर्वक उहाँका जनहरूलाई हेरिरहनुभएको छ र सुरक्षा गर्नुहुन्छ भनेर ती प्रतीकहरूले सिकाएको कुरालाई महत्त्वपूर्ण मान्नुपर्छ। परमेश्वरका जनहरू एक आपसमा घनिष्ठतापूर्वक बुनिएका हुन्छन् भनेर ती प्रतीकहरूले चित्रण गर्दछन्। परमेश्वरले हामीहरूलाई जुन लक्ष्यको निम्ति बोलाउनुभएको हो त्यो लक्ष्य पूरा गर्न हामीहरूलाई एक अर्काको आवश्यकता पर्छ भनेर पनि चर्चको बारेमा ती प्रतीकहरूले गरेको चित्रणद्वारा सिक्नु जरुरी छ।

## कथा ६

## प्रचार गर्ने डाक्टरहरू

## जे एम. टोम्कोकान, इन्डोनेशिया

इन्डोनेसियाको मानन्डो अस्पताललाई सन २०१२को तेऱ्हौं साबथ स्कूलको भेटीको केही भाग उपलब्ध गराएको थियो। त्यस अस्पतालको बर्तमान स्थितिको बारेमा केही जानकारी यहाँ प्रस्तुत गरिएको छ।

जे डाक्टर हुनुहुन्छ र इन्डोनेसिया अस्पतालको अध्यक्ष हुनुहुन्छ। आफ्नो अत्यन्त व्यस्त कामबाट छुट्टी लिएर धेरै हप्ताको सुसमाचारीय कार्यक्रमलाई उहाँले अगुवाई गर्नुहुन्छ।

आफ्ना अस्पतालका कर्मचारीहरूलाई पनि त्यही गर्न उहाँले आग्रह गर्नुहुन्छ। आफ्ना कर्मचारीहरूसँग सार्वजनिक रूपमा सुसमाचार प्रचार गर्ने काममा खटिएर बिरामीहरूको उपचार गर्दा तिनीहरू सबैलाई एकताको शुत्रमा बाँधिराख्छ र येशूको आगमनको निम्ति तिनीहरूलाई तयार पार्छ भन्ने कुरा डाक्टर जेले भेट्टाएका थिए।

"सुसमाचार प्रचार गर्नु नै मेरो बिहानको र दिउँसोको खाना हो" डाक्टर जेले उहाँलाई उहाँको कार्यलयमा अन्तरबार्ता लिँदा भनेका थिए। उनी १५० खाट भएको मानाडो एडभेन्टिस्ट अस्पतालको अध्यक्ष हुन्। यो अस्पताल सुलावेसी भन्ने टापुमा रहेको छ।

स्थानीय कन्फरेन्ससँग मिलेर अस्पतालले सन् २०१७मा सुसमाचारीय अभियान चलाएको थियो। त्यसले गर्दा ६९ मानिसहरूले बप्तिस्मा लिएका थिए। सन् २०१६मा पनि सुसमाचारीय अधियान कार्यक्रम चलाएका थिए। त्यसमा ५३जनाले बप्तिस्मा लिएका थिए। दुवै कार्यक्रममा केवल डाक्टरहरूलेमात्र प्रचार गरेका थिए।

सन् २०१८मा केही परिवर्तन आएको छ। अस्पतालले सुसमाचरीय अभियान कार्यक्रम चलाएको थियो। एउटामा डाक्टरहरूले कार्यक्रमको अगुवाई गरेका थिए भने दोस्रोमा नर्सहरूले र तेस्रोमा अस्पतालका प्रशासकहरूले गरेका थिए।

"संसारका मानिसहरूलाई उपचार गर्नुभन्दा पहिले हामी आआफ्नैमा एकतामा हुनुपर्छ। जब हामी सार्वजनिक सुमाचार कार्यक्रममा मिलेर काम गर्छौं तब हामीमा एकता भएको महसुस हुन्छ" डाक्टर जेले भने।

यो अनुभव डाक्टर जेको थियो जो इन्डोनेशियाको वेस्ट जाभामा रहेको बाङ्डुङ्ग एडभेन्टिस्ट अस्पतालको अध्यक्ष हुनुहुन्छ। पाँच वर्षभित्र अस्पतालको सुसमाचार अग्रसरताले ४,००० मानिसहरूले बप्तिस्मा लिएका थिए। इन्डोनेसियामा रहेको सेभेन्थ-डे एडभेन्टिस्ट अस्पतालहरूले एडभेन्टिस्ट चर्चहरू संचालन गर्दछन्। अर्को दुई अस्पतालहरू बान्डर लाम्पुङ्ग एडभेन्टिस्ट अस्पताल र मिदान एडभेन्टिस्ट अस्पतालहरू हुन्। दुवै इन्डोनेसियाको सुमात्रा टापुमा छन्।

डिसेम्बर २००७मा जब मानन्डो एडभेन्टिस्ट अस्पताल सुरु भएको थियो त्यसमा ५० शैयाहरू थिए। त्यो अस्पताल चर्चको युनियनको मूख्य कार्यालयहरू रहेका भवनहरूमा थियो। सन् २०१२को साबथ स्कूलको भेटीको सहयोगले सन् २०१३मा त्यो अस्पताल १५० शैयाको बनियो।

डाक्टर जेले सन् २०१५मा मानाडो अस्पतालमा काम गर्नु सुरु गर्नुभयो। तर एडभेन्टिस्ट स्वास्थ प्रणालीमा काम गर्ने भनेर उनले कहिल्यै पनि सोचेका थिएनन्। उनले सात वर्ष सरकारी अस्पतालमा स्त्री रोगको विशेषज्ञ भएर काम गरेका थिए। तब पछि गएर उनलाई साबथको समस्या भयो। साबथमा काम नगर्नेभएकोले उनले अस्पतालबाट राजिनामा दिए। उनलाई बाङ्डुङ्ग एडभेन्टिस्ट अस्पतालले काममा नियुक्त गर्‍यो। त्यहाँ नै उनले अरू मानिसहरूलाई सुसमाचार सुनाउन सार्वजनिक कार्यक्रम गर्ने मुख्य जिम्मेवार लिएका थिए।

सार्वजनिक रूपमा सुसमाचार प्रचार गर्ने कार्यक्रममा लाग्दा सुसमाचार प्रचार गरिनेमात्र होइन अस्पतालका कर्मचारीहरूको विश्वास पनि बलियो हुने कुरामा डाक्टर जेले खुशी व्यक्त गरेका थिए। जब अस्पतालका कर्मचारीहरू गाउँहरूमा गएर मानिसहरूलाई बिना पैसा उपचार गर्न सहभागी हुन्छन्, स्वास्थ सेमिनारहरूमा सहयोग गर्छन् तब सुसमाचार प्रचारको काम पनि त्यसै बेला गर्दछन्।

"जब हामी गाउँघर सहरमा गएर अरूको सेवा गर्छौं, मानिसहरूको मनोबल उच्च पार्दछौं तब हामीहरूले पनि त्यसबाट सिधै फाइदा पाइरहेका हुन्छौं" डाक्टर जेले भन्नु भयो।

मानाडो अस्पताल आफैमा चार जना पास्टरहरू छन्। तिनीहरूले अस्पतालको प्रगतिशील आत्मिक कार्यक्रमको रेखदेख गर्दछन्, साप्ताहिक प्रार्थना कार्यक्रम, दश दिने प्रार्थना कार्यक्रम र अस्पतालको सबै विभागहरूमा

दिनदिनै बिहान उपासनाको कार्यक्रम चलाउँछन्। सन् २०१६मा नौ जना बिरामीहरूले बप्तिस्मा लिएका थिए भने सन् २०१७मा दुई जना अरूले बप्तिस्मा लिएका थिए।

"मत्ती २८:१९-२०"मा येशूले दिनुभएको निर्देशन नै हामीहरूको प्राथमिकता हो" डाक्टरले भन्नुभयो। त्यसमा येशूले भन्नुभएको थियो, "जाऊ, सारा संसारमा गएर चेला बनाओ, पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा देओ, मैले तिमीहरूलाई जे जे आदेश दिएँ त्यही कुराहरू पालन गर्न सिकाऊ" (रूपान्तरित)।

"येशू छिट्टै आउनुहुँदैछ भनेर हामी विश्वास गर्छौं। हो, उहाँ छिट्टै आउनुहुनेछ" डाक्टर जेले भन्नुभयो।

तपाईंहरूको भेटीको निम्ति धन्यवाद।

लेखकः आन्ड्र्यु मेकचेस्नी